STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ३० गते बिहीबार ❑ 13 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुख्यमन्त्रीमा गुरुङ पुनः नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ बैशाख**

गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका पृथ्वी सुब्बा गुरुङले बुधबार सपथ ग्रहण एवं पदभार ग्रहण गरेका छन् ।

गण्डकी प्रदेश प्रमुख सिता कुमारी पौडेलले नेकपा एमाले संसदीय दलका नेता पृथ्वी सुब्बा गुरुङलाई आफ्नै निवास पोखरा रत्नचोकमा पद तथा गोपनियताको सपथ खुवाएकी हुन् । यसअघि प्रदेश प्रमुख पौडेलले गुरुङलाई नेपालको संविधान धारा १६८ को उपधारा (३) बमोजिम गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन्। साथै उनले मुख्यमन्त्रीमा नियुत्त भएकोमा गुरुङलाई बधाई दिदै कार्यकालको सफलताको कामना गरेकी छन्।

यसैबिच, मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले बुधबार साँझ नै पदभार ग्रहण समेत गरे। पत्रकारसंग सक्षिप्त कुराकानी गर्दै उनले प्रदेशको कोभिड उपचार कोषमा प्रदेश सरकारले ४ करोड आर्थिक सहयोग गर्ने बताए । अस्थिरता निम्त्याउने खेलमा कांग्रेस गठबन्दन लागेको मुख्यमन्त्री गुरुङको आरोप थियो। उनले आगामी एक महिनामा आफुले सदनबाट विश्वासको मत लिने समेत दाबी गरे। प्रदेश प्रमुखले संवैधानिक बाटो अनुसार आफुलाई नियुत्ति गरेको उनको भनाई थियो।



नेपाली कांग्रेस सहितको चार दलको गठबन्धनले बहुमत पुराउन नसकेपछि गण्डकी प्रदेशको नयाँ सरकार पृथ्वी सुब्बा गुरुङ नेतृत्वको पुनः विउतिएको हो । प्रदेश प्रमुख पौडेलले प्रदेश सभाको सबै भन्दा ठुलो दल एमालेलाई अल्पमतको सरकार गठन गर्न आव्हान गरेपछि गुरुङले दोश्रो पटक मुख्यमन्त्री बनेका हुन् । बैशाख २६ गते राजीनामा गरेका गुरुङ वैशाख २७ र २८ गते कार्यवहाक मुख्यमन्त्री भएका थिए । मुख्यमन्त्री पदबाट गुरुङले राजीनामा दिएपछि प्रदेश प्रमुख पौडेलले वैशाख २६ गते बहुमतको सरकार गठनका लागि दलहरुलाई बुधबार ४:०० बजेसम्मको समय सिमा सहित आव्हान गरेकी थिइन्।

कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपालीले आफ्नो नेतृत्वमा गठबन्दन सरकार बनाउने प्रयास गरेपनि जनमोर्चाका कृष्ण थापा साथ नदिई तर्केसंगै गुरुङको नेतृत्वको सरकार ब्यूतिएको हो । मुख्यमन्त्री बनेसंगै गुरुङले प्रदेश सभाबाट एक महिना भित्रमा विश्वासको मत लिनुपर्ने छ अन्यथा बहुमतको मत ल्याउन नसके ६ महिना भित्र मध्यावधिक निर्वाचनमा जानुपर्ने छ।

यसैबिच राष्ट्रिय जनमोर्चाका संसदीय दलका नेताबाट कृष्ण थापालाई हटाईएको राष्ट्रिय जनमोर्चाकी सचेतक पियारी थापाले बताइन् । पार्टीले कारवाही गर्ने सुइको पाएसंगै गठबन्दन सरकारलाई समर्थन गर्नुपर्छ भन्ने दबाब खेप्न नसकेर सांसद थापा आफ्नो घर बाग्लुङ समेत पुगेको बताइन्छ । उनले आफु तटस्थ बस्ने जनाएका छन् । आफु विशेष कामले घर जानु परेको उनले बताए।

त्यसै गरी जनमोर्चाका खिलबिक्रम शाहीले पनि कुनैपनि गठबन्दन सरकारलाई आफुले साथ समर्थन नगरी तटस्थ बस्ने प्रेस विज्ञेप्ति मार्फत जनाएका छन् । प्रदेशमा ६० सांसद भए पनि एमाले र कांग्रेस गठबन्दन नेतृत्वमा समान २८/२८ मत भए पनि जनमोर्चाको ३ मत निर्णायक बाडिएकोले नयाँ गठबन्दन सरकार बन्न नसकेको हो । जनमोर्चाकी सचेतक पियारी थापा बाहेक दुई जना तटस्थ बस्ने जनाएका छन्।

## कास्कीमा जेठ ७ गतेसम्म निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ बैशाख**

कोभिड- १९ को संक्रमण तीव्र रूपमा फैलिएपछि कास्कीमा थप एक साताका लागि निषेधाज्ञा जारी गरिएको छ।

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमण दिनप्रतिदिन फैलिरहेको अवस्थालाई गम्भीरतापूर्वक लिँदै रोकथाम तथा नियन्त्रणका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न थप एक साता निषेधाज्ञा जारी गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले जारी गरेको सूचनामा जनाइएको छ।

जिल्ला कोभिड व्यवस्थापन केन्द्रको बुधबारको बैठकले उक्त निर्णय गरेको हो । कास्की जिल्लामा वैशाख १३ गतेदेखि निषेधाको आदेश जारी भएको थियो। त्यसपछि वैशाख १९ गते पुनः बैशाख महिनाभरसम्मका लागि समय थपिएको थियो । संक्रमण दर बढ्दै गएपछि पुनः एक साता थप गरिएको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीका अनुसार यसपाली निषेधाज्ञामा अत्यावश्यक खाद्य सामग्री खरिद बिक्रीका लागि बिहान ९ बजेसम्म खुला रहने भएको छ।

## जनमोर्चाद्वारा प्रदेशसभा दलका नेतालाई कारबाही

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ बैशाख**

राष्ट्रिय जनमोर्चाले सो पार्टीका गण्डकी प्रदेशसभा संसदीय दलका नेता कृष्ण थापालाई दलको नेताबाट हटाएको छ।

प्रदेशमा विपक्षी नेपाली काँग्रेसको नेतृत्वमा नयाँ सरकार गठन गर्ने सम्बन्धमा हस्ताक्षर गर्न अस्वीकार गरेको जनाउँदै थापालाई नेताबाट हटाइएको जनमोर्चाका केन्द्रीय महासचिव मनोज भट्टले जानकारी दिए। नेता थापा भने आफूलाई प्रक्रियाविपरीत दल नेताबाट हटाइएको जनाएका छन् । थापाले अस्वीकार गरेपछि विपक्षीलाई बहुमत संख्या प्रस्तुत गर्न चुनौती भएको छ।

पार्टीले यसअघि नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टीसहित मिलेर सरकार गठन गर्ने निर्णय गरेको थियो । प्रदेशसभा सदस्य थापालाई संसदीय दलको नेताबाट हटाइएको पत्र गण्डकी प्रदेशसभा सचिवालयमा दर्ता गराइएको छ। यही वैशाख २६ गते प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख सीताकुमारी पौडेलले तीन दिनभित्र नयाँ सरकार गठनका लागि दलहरूलाई आह्वान गरेकी थिइन।

## आइसोलेसन वार्डका लागि कास्की काँग्रेसले पोखरा महानगरपालिकालाई पार्टी कार्यालय दियो

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ बैशाख**



नेपाली काँग्रेस कास्कीले आफ्नो पार्टी कार्यालय पोखरा महानगरपालिकालाई आइसोलेसन वार्ड बनाउन सुम्पेको छ।

सरकारलाई आवश्यक परेमा पोखरा महानगरपालिकाले पोखरा ४ स्थित चिप्लेढुङ्गा र पोखरा ३० स्थित खुदीमा रहेको पार्टी कार्यालय कोरोना संक्रमितका लागि आइशोलेशन वार्ड बनाउन सक्ने भन्दै पार्टीको निर्णय बुझाएको छ।

नेपाली काँग्रेस कास्कीका सचिव देवेन्द्र रानाभाट र प्रवक्ता नवीन सिग्देल बुधबार पोखरा महानगरपालिका पुगेर पार्टीको निर्णयसहितको पत्र बुझाउनु भएको थियो।

कास्की काँग्रेसका सभापति कृष्ण केसीद्वारा हस्ताक्षरित पत्र बुझ्दै पोखरा महानगरपालिकाका प्रमुख मान बहादुर जिसीले आवश्यक पर्दा समन्वय गरी अघि बढ्ने बताए। उनले कास्की काँग्रेसले संचालन गर्न लागेको एम्बुलेन्स सेवा महानगरपालिकाको एम्बुलेन्स व्यवस्थापन समितिसँग सहकार्य गरी अघि बढ्न आग्रह गरे । कास्की काँग्रेसले संक्रमितलाई अस्पतालसम्म पुग्न कठिनाइ हुने गरेको र महंगो रकम तिर्नुपर्ने अवस्था रहेकाले पार्टीले जेठ १ गतेदेखि एम्बुलेन्स संचालन गर्ने तयारी गरेको छ।

पार्टी कार्यालय आइशोलेशन वार्ड बनाउन सक्ने र एम्बुलेन्स संचालन गर्ने निर्णय बारे पार्टीले मंगलबार जिल्ला प्रशासन कार्यालय कास्कीलाई समेत जानकारी गराइसकेको प्रवक्ता सिग्देलले बताए।

## थपिए नौ हजार ३०५ संक्रमित, १६८ को निधन

**रासस**
**काठमाडौं, २९ बैशाख**

पछिल्लो २४ घण्टामा नौ हजार ३०५ जना नयाँ भेरियन्टसहितको कोरोना भाइरस (कोभिड -१९) का सङ्क्रमित थपिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

योसँगै नेपालमा सक्रिय कोरोनाका बिरामी एक लाख एक हजार ६३४ पुगेका छन् । पहिलो पटक संक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या एक लाख नाघेको हो । मन्त्रालयका अनुसार २० हजार ३६२ जनाको पिसिआर र ४२४ जनाको एण्टिजेन परीक्षणमा नौ हजार ३०५ जनामा सङ्क्रमण पुष्टि भएको हो। यसमध्ये पिसिआरबाट नौ हजार २३८ र एन्टिजेन विधिको परीक्षणका क्रममा ६७ जनामा सङ्क्रमण पुष्टि भएको जनाइएको छ । सबैभन्दा बढी काठमाडौँमा तीन हजार २५० जनामा सङ्क्रमण पुष्टि भएको छ । ललितपुरमा ४४८ र भक्तपुरमा २२६ जनामा सङ्क्रमण पुष्टि भएको छ। काठमाडौँ उपत्यकामा २४ घण्टामा कूल तीन हजार ९२४ जनामा सङ्क्रमण पुष्टि भएको हो। यसैगरी बढी सङ्क्रमण पुष्टि भएका जिल्लामध्ये रूपन्देहीमा ७७१, कैलालीमा ३३९, मोरङमा ३३६, झापामा ३००, बाँकेमा २८७, दाङमा २७७, कास्कीमा २३५ जना कोरोना सङ्क्रमित पछिल्लो २४ घण्टामा थपिएका छन् । नेपाली सेनाद्वारा गरिएको शव व्यवस्थापनको तथ्याङ्कका आधारमा कोभिड १९ सङ्क्रमणबाट गत २४ घण्टामा १६८ जनाको मृत्यु भएको छ । हालसम्म कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या चार हजार २५२ पुगेको छ।

यस अवधिमा चार हजार ४४४ जना कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त भएको मन्त्रालयले जनाएको छ। हालसम्म तीन लाख १६ हजार ४६८ जना सङ्क्रमण मुक्त भएका छन्। यो कुल सङ्क्रमितको ७४.९ प्रतिशत हो । सक्रिय सङ्क्रमितमध्ये काठमाडौँ उपत्यकाका तीन जिल्लामा सर्वाधिक सङ्ख्या छ। हालसम्म कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या चार लाख २२ हजार ४१६ पुगेको छ।

सक्रिय कोभिड १९ सङ्क्रमितमध्ये एक लाख एक हजार ६३४ जना आइसोलेसनमा छन्। जसमध्ये एक हजार २४१ को आइसीयूमा उपचार भइरहेको छ। भेन्टिलेटरमा राखेर २८५ जनाको उपचार भइरहेको मन्त्रालयले जनाएको छ।

## निषेधाज्ञा जारी गर्न बाँकी चार जिल्ला

**रासस**
**काठमाडौं, २९ बैशाख**

मुलुकका अधिकांश जिल्लाले निषेधाज्ञा लागू गरी कोभिड-१९ सङ्क्रमण नियन्त्रणको प्रयास जारी राखेका छन्।

मुलुकमा अब जम्मा चार जिल्लाले मात्रै निषेधको आदेश जारी गर्न बाँकी छ। हालसम्म ७३ जिल्लाले निषेधाज्ञा जारी गरी सङ्क्रमणको साङ्लो चुँडाल्ने प्रयास गरिरहेका छन् । त्यसमध्ये सात जिल्लामा आंशिक आदेश लागू छ।

यद्यपि सङ्क्रमणको गति भने कम हुनाको साटो बढ्दो छ। नेपालमा यही वैशाख ७ गतेदेखि आदेश जारी गरी नियन्त्रणको प्रयास भएको थियो। वैशाख १६ गतेदेखि भने आदेश जारी गर्ने क्रम तीव्र भएको थियो । एक महिनाका अवधिमा करीबकरीब मुलुक नै ठप्प हुन पुगेको छ।

स्वास्थ्यविज्ञले यसपालिको परिवर्तित रूप गत वर्षभन्दा बढी सङ्क्रामक रहेकाले अझै केही हप्ता घरमै बसेर सङ्क्रमणको जालो तोड्नुपर्ने सुझाव दिएका छन् । विवरणानुसार मनाङ, मुस्ताङ, तेह्रथुम र खोटाङले निषेधाज्ञा जारी गरेका छैनन्। यद्यपि सङ्क्रमण फैलिन नदिन प्रयास भने जारी राखिएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

मनाङले भने वैशाख १३ गतेको निर्णयानुसार आवश्यक तयारीका साथ सम्पर्कमा रहेका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## एकै घरका दिदीबहिनी सगरमाथा चुचुरामा: सरकारद्वारा बधाई

**रासस**
**काठमाडौं, २९ बैशाख**

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले दोलखा जिल्लाको एकै परिवारका तीन दिदीबहिनीले विश्वको सगरमाथाको आरोहण गर्न सफल भएकामा बधाई ज्ञापन गरेका छन्।

दोलखा, गौरीशंकर गाउँपालिका-९ बेदिङका निमाजाङ्बु (३०वर्ष), छिरिङनाम्गे (२६वर्ष) र दावाफुटी शेर्पा (२४वर्ष) बुधबार बिहान सर्वोच्च शिखरमा पुग्न सफल हुनुभएको हो । "एकै परिवारका तीन छोरी सगरमाथाको चुचुरामा पुग्न सफल भएका छन्, मलाई असाध्यै खुशी लागेको छ, म हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु", मन्त्री गुरुङले भने, "तीन वर्षभित्र सात वटै महादेशका हिमाल चढेर विश्व रेकर्ड कायम राख्ने उहाँहरूको योजना पूरा होस् ।" सगरमाथा आरोहणका लागि काठमाडौँबाट जाने क्रममा यही वैशाख २ गते राष्ट्रिय झण्डा हस्तान्तरण गर्दै सरकारका प्रवक्ता गुरुङले उनीहरूलाई शुभकामना दिएका थिए । सोही गाउँका पेम्बादोर्जे शेर्पाले बिहान ७ बजे २१ औँ पटक सगरमाथाको सफल आरोहण गरेका छन् । ड्रिमर्स डेष्टिनेशन ट्रेक एण्ड एक्सपिडिशनका अनुसार पेम्बाले 'विश्व शान्ति र वातावरण बचाऔँ' भन्ने सन्देशका साथ सगरमाथा चढ्नुभएको हो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्याङ्जामा जेठ १५ सम्म निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २९ बैशाख**

स्याङ्जामा आउँदो जेठ १५ सम्मका लागि निषेधाज्ञा जारी भएको छ। बैशाख २१ गतदेखि जारी भएको निषेधाज्ञालाई जेठ १५ सम्म थप गरिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ।



राजश्व संकलन, विपद् व्यवस्थापन र सरकारी कामकाजका लागि बाहेक बैंकिङ्ग सेवा समेत पूर्ण रुपमा बन्द गरिने भएको छ। बैकिङ्ग सेवा बन्द भएपनि एटिएम सेवा भने सुचारु राखिने छ। थप गरिएको निषेधाज्ञालाई कडाईका साथ लागु गरिने भएको छ।

औषधीजन्य सामग्री बाहेक खाद्यान्नजन्य सामग्री खरिदका लागि बिहान ५ बजेदेखि ९ बजेसम्म मात्रै खुल्ला राखिने निर्णय भएको प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले जानकारी दिए। अत्यावश्यक काममा बाहेक घरबाट ननिस्कन समेत प्रशासनले आग्रह गरेको छ।

यसअघिको निषेधाज्ञामा बिहान ५ बजेदेखि ९ र साँझ ५ देखि ७ बजेसम्म खाद्यान्नजन्य सामग्री खरिदको गर्न सकिने समय तोकिएको थियो। बैशाख २१ देखि ३१ गतेसम्म जारी भएको निषेधाज्ञा जेठ १५ सम्म थपिएको हो।

स्याङ्जामा कोरोना संक्रमण दर बढेसँगै निषेधाज्ञाको समय थप गरिएको हो। कोरोनाको दोस्रो लहर चलसँगै जिल्लामा हालसम्म १३ पुरुष र ५ महिला समित १८ जनाले ज्यान गुमाए भने ६ सय २८ सक्रिय संक्रमित रहेका छन्।



पोखरा मासबारका महिलाहरु निशेधाज्ञामा घाँस काटेर ल्याउदै। तस्वीरः पोखरापत्र

# अन्तरराष्ट्रिय उडान प्रतिबन्ध लम्बियो : अत्यावश्यक उडान जारी

**रासस**
**काठमाडौं, २९ बैशाख**

मुलुकको एक मात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भएर हुने अन्तरराष्ट्रिय उडानमाथिको प्रतिबन्ध आगामी जेठ १७ गतेसम्म लम्बिएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जरुरी सूचना निकालेर अन्तरराष्ट्रिय हवाई उडानमाथिको प्रतिबन्ध थप दुई साता लम्ब्याउने जानकारी अन्तरराष्ट्रिय उडानका सबै वायुसेवा कम्पनीलाई गराएको हो। तथापि नेपाल र भारतबीच भएको एयर बबल सम्झौताअनुरुप दुई मुलुकको उडानलाई भने निरन्तरता दिइएको छ। उक्त सम्झौताअनुरुप सातामा दुई उडान कायम राख्ने गरी उडान सञ्चालन हुनेछ। नेपालमा यही वैशाख २३ गते रातिदेखि अन्तरराष्ट्रिय उडान स्थगन गरिएको थियो। अहिले अन्तरराष्ट्रिय तथा आन्तरिकतर्फ कार्गो तथा उद्धार उडान मात्रै सीमित सङ्ख्यामा भइरहेको छ। राजधानी काठमाडौँ उपत्यकाको निषेधाज्ञा आगामी जेठ १३ गतेसम्म लम्ब्याउने निर्णय गरिएको छ। सरकारले कोभिड महामारी नियन्त्रणका लागि वैशाख १६ देखि उपत्यकासहित देशका विभिन्न स्थानमा निषेधाज्ञा लागू गरेको छ। निषेधाज्ञाको जारी अवधिमा पनि आन्तरिक र अन्तरराष्ट्रिय दुवैमा उद्धार, चार्टर्ड तथा कार्गो उडान भइरहेका छन्।

विमानस्थल कार्यालयका अनुसार मङ्गलबार अन्तरराष्ट्रियतर्फ कार्गो तीन कार्गो, दुई चार्टर्ड र एक एयर एम्बुलेन्स गरी कूल छ उडान भएका छन्। नेपाल वायुसेवा निगम (एयरलाइन्स) ले चीनको बेइजिङबाट अक्सिजन सिलिन्डरसहितका सामग्री ल्याएको थियो भने हिमालय एयरलाइन्सले चीनको कुनमिङमा दुई उडानमार्फत कार्गो तथा बङ्गलादेशमा एक चार्टर्ड उडान गरेको छ। दुबईबाट रोयल एयर एम्बुलेन्सको नेपालमा एक उडान भएको छ। अन्तरराष्ट्रियमा बुधबार विभिन्न एयरलाइन्सका चार कार्गो, एक ट्राभल बबल र एक ट्रेनिङ उडान हुने विमानस्थलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। आन्तरिकतर्फ हेलिकोप्टर कम्पनी तथा एयरलाइन्सका गरी मङ्गलबार ६२ उडान भएका थिए। अन्तरराष्ट्रिय विमानस्थलमा आन्तरिकतर्फ १० हेलिकोप्टर कम्पनीसहित १९ वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका छन्। अन्तरराष्ट्रियमा तीन नेपालीसहित २० वायुसेवा प्रदायकले उडान सञ्चालन गरिरहेका छन्।

अघिल्लो वर्ष कोभिड-१९ सङ्क्रमणको पहिलो लहर नेपालमा फैलिएपछि महामारी नियन्त्रणका लागि सरकारले चैत ११ देखि देशभर बन्दाबन्दी गरेको थियो। चैत १० देखि आन्तरिक र अन्तरराष्ट्रिय दुवै उडान स्थगन गरेको थियो। महामारी घटेपछि गत भदौ १६ गतेदेखि अन्तरराष्ट्रिय तथा असोज ५ गतेदेखि आन्तरिक उडान सञ्चालनमा ल्याएको थियो।

# शैया अभाव हुँदा बिरामीलाई सास्ती

**पोखरापत्र संवाददाता**
**बलेवा, २९ बैशाख**

धौलागिरि अस्पतालमा रहेको सघन उपचार कक्ष र भेन्टिलेटर भरिएपछि कोरोना भाइरसका गम्भीर बिरामीलाई हेलिकप्टरमार्फत पोखरा पठाइएको छ।

बुधबार जिल्लाको बडिगाड गाउँपालिका-६ का ४० वर्षिय पुरुषलाई अक्सिजनको मात्रा निकै कम भएपछि पोखरा पठाइएको हो। "यहाँ आइसियु र भेन्टिलेटर खाली छैन्, त्यहाँ रहनुभएका सबैको अवस्था उस्तै छ" अस्पतालका प्रमुख डा शैलेन्द्र बिकले भने, "अवस्था गम्भीर भएकाले परिवारले लैजान्छु भन्नुभयो, हामीले पठायौं।" आइसोलेसनमा उपचार गराइरहेका उनको श्वासप्रश्वासमा ठूलो समस्या छ। निमोनियाले फोक्सोमा समस्या पारिसकेको बिकले बताए। मणिपाल शिक्षण अस्पताल पोखराले शय्या उपलब्ध गराउने भएपछि उनलाई पोखरा पठाइएको हो। अस्पतालमा अहिले ३२ जना सङ्क्रमितलाई उच्च गतिमा अक्सिजन दिएर उपचार भैरहेको छ। सात जना शङ्कास्पद बिरामीसमेत सघन उपचार कक्षमा राखेर उपचार गर्नुपर्ने खालका बिरामी छन्।

# टयाक्सी दुर्घटना दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ बैशाख**

बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका-५ मा मङ्गलबार साँझ ट्याक्सी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने एक घाइते भएका छन्।

बुर्तिबाङबाट ढोरपाटनतर्फ जाँदै गरेको ध१ज ५२८ नंको ट्याक्सी ढोरपाटन नगरपालिका-५ प्याङखोलास्थित घुम्तीमा दुर्घटना भएको हो।

ट्याक्सी दुर्घटना हुँदा चालक ३५ वर्षीय ढालबहादुर थापा र ढोरपाटन नगरपालिका-५ का ४० वर्षीय जोकबहादुर विकको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङका इन्चार्ज प्रहरी निरीक्षक जयराम वन्तले जानकारी दिनुभयो। दुर्घटनाको कारण भने खुल्न सकेको छैन।

दुर्घटनामा सोही स्थानकी ३८ वर्षीय रतिकला विक घाइते भएको वन्तको भनाइ छ। घाइते विकलाई उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको प्रहरीको भनाइ छ।

# नेता चौलागाईंको पशुपति आर्यघाटमा अन्त्येष्टि

**रासस**
**काठमाडौं, २९ बैशाख**

नेकपा (एमाले) का नेता तथा वाग्मती प्रदेशसभा सदस्य पशुपति चौलागाईंको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

नेता चौलागाईंलाई अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्न पशुपति आर्यघाटमा गृहमन्त्री रामबहादुर थापा, सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङ, एमाले वाग्मती प्रदेश सङ्गठनका अध्यक्ष आनन्दप्रसाद पोखरेल, पार्टी कार्यालयका सचिव शेरबहादुर तामाङ, वाग्मती प्रदेशसभाका सदस्य रचना खड्कालगायत नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो।

त्यसअघि बुधबार बिहानै नेता चौलागाईंको पार्थिव शरीरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङले राष्ट्रिय झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जलि व्यक्त गर्नुभएको थियो भने पार्टीका अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहराले पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जलि अर्पण गरेका थिए। कोरोना भाइरसको सङ्क्रमणबाट नेता चौलागाईंको मङ्गलबार निधन भएको थियो।

नेकपा (एमाले) पोलिटब्यूरो सदस्य रहनुभएका चौलागाईं दोलखा (ख) बाट वाग्मती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो। नेता चौलागाईं २०५६ सालको निर्वाचनमा दोलखा-१ बाट निर्वाचित भएका थिए। त्यस्तै, २०७० सालको संविधानसभा निर्वाचनमा समानुपातिक कोटाबाट सांसद भएका थिए। विद्यार्थीकालदेखि नै सक्रिय राजनीतिमा रहनुभएका चौलागाईं एक निष्ठावान्, इमान्दार नेता रहेका थिए। उनको निधनले दोलखाका साथै सिङ्गो राष्ट्रले अपूरणीय क्षति व्यहोर्नु परेको एमाले वाग्मती प्रदेश सङ्गठनका अध्यक्ष पोखरेलले बताए। यसै गरी प्रधानमन्त्री केपी शर्मा ओलीले वाग्मती प्रदेशसभाका सदस्य तथा नेकपा (एमाले)का केन्द्रीय कमिटी सदस्य पशुपति चौलागाईंको निधनप्रति दुःख व्यक्त गरेका छन्। उनले बुधबार विज्ञप्ति जारी गर्दै यस दुःखद घडीमा चौलागाईंप्रति श्रद्धासुमन अर्पण गर्दै निधनबाट शोकमा पर्नुभएका आफन्त, परिवारजन र शुभेच्छुकप्रति समवेदना प्रकट गरेका थिए। एमाले अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले चौलागाईंको निधनबाट पार्टीले एक असल र निष्ठावान् नेता तथा दोलखाका जनताले इमान्दार जनप्रतिनिधि गुमाएको बताएका छन्। कोभिड-१९ को सङ्क्रमणले मङ्गलबार उहाँको निधन भएको थियो। उनले भद्र, शालीन, मिलनसार छवि बनाउनुभएका चौलागाईंले जनताप्रति समर्पित जनप्रतिनिधिको भूमिका निर्वाह गर्नुभएको उल्लेख गरे।

"एमालेको नेतृत्वमा भएको मुलुकको लोकतान्त्रिक, प्रगतिशील आन्दोलन र समृद्ध मुलुक निर्माणको अभियानमा उहाँले पुऱ्याउनुभएको योगदानलाई पार्टीले सधैँ स्मरण गर्नेछ", विज्ञप्तिमा उनले भने।

# कांग्रेसद्वारा स्वास्थ्य सामग्रीका लागि हवाई ढुवानीको प्रबन्ध माग

**रासस**
**काठमाडौं, २९ बैशाख**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले स्वास्थ्य सामग्री तथा उपकरण आयातका लागि हवाई ढुवानी प्रबन्ध गर्न सरकारसँग माग गरेको छ।

नेपाली कम्पनीले खरीद गरेका स्वास्थ्य सामग्री तथा उपकरण हवाइजहाजका अभावका कारण नेपाल ढुवानी हुन नसकी चीनका विभिन्न विमानस्थलमा अलपत्र अवस्थामा रहेको जनाउँदै कांग्रेसले सो माग गरेको हो।

कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाणले आज वक्तव्य जारी गरी अविलम्ब स्वास्थ्य सामग्री तथा उपकरणको हवाई ढुवानीको प्रबन्ध गरी सहजीकरण गर्न सरकार एवं सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभएको छ।

उहाँले कोभिड-१९ महामारीको कारणले दिनानुदिन संक्रमित र मृत्यु हुने वृद्धि हुँदै गइरहेका परिस्थितिमा जनतालाई स्वास्थ्य सामग्री अभाव हुन नदिई कोभिड-१९ संक्रमित र अन्य बिरामीको उपचार गर्नुपर्नेमा जोड दिनुभएको छ।

## निषेधाज्ञा...

व्यक्तिको परीक्षणलाई तीव्रता दिँदै आएकामा आजको निर्णयले अत्यावश्यक काम नपरी बाहिर ननिस्कन, जात्रा मेलालगायत भीडभाड हुने काम नगर्न र विवाहमा १५ भन्दा बढी सहभागी नहुन निर्देशन जारी गरेको छ।

नोबेल कोरोना भाइरस COVID_19 सामान्य रूघा खोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सर्तक हुनुनै उत्तम उपाय हो।

**यसबाट बच्ने उपायहरू**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने
- अनावश्यक रूपमा घर बाहिर र भिडभाडमा नजाने
- खोक्दा र हाँछ्युं गर्दा नाक र मुख कुहिनोले छोप्ने
- कुनै पनि व्यक्ति सँग तीन फिटको दुरी कायम गर्ने
- जंगली तथा घर पालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने
- सकेसम्म पशुजन्य मासु नखाने
- ज्वारो रूघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सा सँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरको तथा अत्यावश्यक वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा जम्मा गरी सम्पर्क गराउने।


नेपाल सरकार
सञ्चार तथा सुचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

– विदुरनीति

## सम्पादकीय

# मुख्यमन्त्रीमा पुनः पृथ्वीसुब्बा

गण्डकी प्रदेशको मुख्यमन्त्रीमा पृथ्वीसुब्बा गुरुङ पुनः नियुक्त भएका छन् । मुख्यमन्त्री पदबाट राजिनामा दिएको ७२ घण्टापछि सबैभन्दा ठूलो दलको नेतालाई मुख्यमन्त्रीमा नियुक्ति दिईएको थियो । नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखरेललाई मुख्यमन्त्री बनाउन प्रदेश प्रमुखकहाँ दाबी परे पनि उनको दाबीले मान्यता नपाएपछि पुनः गण्डकी प्रदेश एमाले संसदीय दलका नेता गुरुङ नै मुख्यमन्त्री नियुक्त भएका हुन् । प्रदेश प्रमुख सीताकुमारी पौडेलले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम गुरुङलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् ।

कांग्रेसका पोखरेलले ६० सदस्यी प्रदेश सभाका कांग्रेसका १५, माओवादीका (सभामुखसहित) १२, जनमोर्चाका ३ र जनता समाजवादीमा २ सांसदको समर्थन रहेको भन्दै मुख्यमन्त्री नियुक्ति दाबीसहितको पत्र बुधबार प्रदेश प्रमुखलाई बुझाएका थिए । तर त्यसअघि नै जनमोर्चाका कृष्ण थापाले सरकार गठनका सन्दर्भमा आफू तटस्थ रहेको बताएका थिए । पार्टी केन्द्रको काङ्ग्रेसलाई समर्थन गर्ने निर्णयको असहमति जनाएका थिए।काङ्ग्रेसलाई समर्थन जनाउन नमानेपछि दलको नेताबाट हटाउने सम्मका काम भएका थिए । थापासंगै खिम विक्रम शाही पनि काङ्ग्रेसको पक्षमा थिएनन । काङ्ग्रेसले सांसद भन्दा केन्द्रका नेतालाई रिझाएका कारण सम्बन्ध चिसिन पुगेको हो ।काङ्ग्रेस विरोधी सेन्टिमेन्ट एमालेले लिन खोज्यो त्यसमा केही सफलता पाउन सक्यो ।

जनमोर्चाका सांसद खिमविक्रम शाहीले पनि नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाउने सन्दर्भमा आफ्नो समर्थन नरहेको पत्र प्रदेश प्रमुखकहाँ पोखरेलको दाबीअघि नै बुझाएका थिए। थापा र शाहीको पत्रअनुसार पोखरेलले दाबी गरेअनुसार बहुमत नपुगेपछि गुरुङ पुनः मुख्यमन्त्री बनेका हुन् । यश अघि अविश्वासको प्रस्तावको मतदानको बेला अस्पतालमा भर्ना भएका थिए । त्यहीबेला असफल हुने निश्चित भएपछि काङ्ग्रेसले सभामुख नेत्रनाथ अधिकारीलाई प्रयोग गरेर बैठक अनिश्चितकालका लागि स्थगित गराएको थियो । जनमोर्चाका केन्द्रीय नेताले भनेपछि हुन्छ भन्ने केन्द्रीकृत सोचले गर्दा आजको अवस्था आएको हो ।

२६ वैशाखमा मुख्यमन्त्री गुरुङले राजीनामा गरेपछि प्रदेश प्रमुखले बहुमतको सरकार गठनका लागि ३ दिनको म्यादसहित आह्वान गरेकी थिइन् । बुधबार ४ बजेसम्म त्यसको म्याद थियो । उनलाई प्रदेश प्रमुख सीताकुमारी पौडेल शपथ खुवाएकी छन् । शपथ लगत्तै गुरुङले पदभार ग्रहण गरेका छन् । ३० दिन भित्र विश्वासको मत लिने चुनौती छ । विश्वासको मत नपाए कुनै एक सदस्यले बहुमत पुर्‍याउन सकेमा मुख्यमन्त्री नियुक्त हुन सक्ने ठाउँ छ । त्यो संभावना न्यून भएको हुँदा विश्वासको मत नदिदा निर्वाचनमा जानुपर्छ । चुनावमा जान तयार नहुने हो भने विश्वासको मत दिनुपर्ने बाध्यता आउन सक्छ।मुख्यमन्त्री गुरुङले अन्य दलसँग कस्तो सम्बन्ध बनाउँछन् त्यसैमा सरकारको स्थायित्व निर्धारण हुन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारिरीक झमेला | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# ७० आरोही सगरमाथा शिखरमा

**रासस**
**काठमाडौं, २९ बैशाख**

देशमा कोरोना संक्रमणको जोखिम उच्च रहे पनि सगरमाथा आरोहण भने उत्साहजनक रूपमा भइरहेको छ । बुधबार मात्रै ७० आरोही शिखरमा पुग्न सफल भएको पर्यटन विभागका निर्देशक मीरा आचार्यले आधार शिविरबाट जानकारी दिनुभयो ।

हालसम्मको तथ्याङ्कानुसार यस वर्ष करीब १८२ आरोही शिखरमा पुग्न सफल भएका छन् । यो विवरणमा केही थपघट हुन सक्ने बताइएको छ ।

# सङ्कटमा प्रवासीको साथ

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ बैशाख**

कोरोना महामारीविरुद्धको लडाइँमा प्रवासी नेपालीले साथ दिएका छन् । विश्वभर छरिएर रहेका बागलुङेको संस्था अन्तर्राष्ट्रिय बागलुङ समाजले महामारीका बेला अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकारलाई स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेका हुन् ।

समाजको सहयोग र नेपाल पत्रकार महासङ्घ बागलुङको समन्वयमा मङ्गलबार धवलागिरि अस्पताललाई ५० थान व्यक्तिगत सुरक्षा कवच (पिपिइ), १५ लिटर स्यानिटाइजर, सर्जिकल मास्क १० प्याकेट र सर्जिकल ग्लोब्स तीन प्याकेट हस्तान्तरण गरिएको हो ।

समाजका कार्यालय प्रमुख सुरेन्द्र कँडेल र महासङ्घका अध्यक्ष नरेश कँडेलले अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केवी रानामगरलाई सामग्री हस्तान्तरण गर्नुभएको थियो । यस्तै बागलुङ नगरपालिकाद्वारा सञ्चालित आइसोलेशन कक्षका लागि पाँच थान पिपिइ, १० प्याकेट सर्जिकल मास्क, एक प्याकेट सर्जिकल ग्लोब्स र १० लिटर स्यानिटाइजर प्रदान गरिएको समाजले जनाएको छ । ताराखोला गाउँपालिकाका लागि १० थान र बाँकी आठ स्थानीय तहका लागि चार थानका दरले पिपिइ र ६३ प्याकेट सर्जिकल मास्क उपलब्ध गराइएको समाजका कार्यालय प्रमुख कँडेलले जानकारी दिनुभयो । स्वास्थ्य कार्यालय बागलुङलाई शव व्यवस्थानमा चाहिनेसर्जिकलग्लोब्सतीनप्याकेट, ताराखोला गाउँपालिकालाई चार प्याकेट सर्जिकल ग्लोब्ससहित ३० वटा थर्मोमिटर पनि प्रदान गरिएको छ ।

यस्तै जिल्लामा क्रियाशील पत्रकारका लागि सर्जिकल मास्क १२ प्याकेट र पाँच लिटर स्यानिटाइजर समाजद्वारा प्राप्त भएको महासङ्घका अध्यक्ष नरेश कँडेलले बताउनुभयो । सदरमुकाममा सामग्री हस्तान्तरण गरिए पनि ग्रामीण क्षेत्रमा रहेका स्वास्थ्य संस्था र आइसोलेशन केन्द्रमा आज सामग्री पठाइने भएको छ । सामग्री बुझ्दै अस्पतालका अध्यक्ष रानामगरले महामारीसँग जुधिरहेका चिकित्सक, स्वास्थ्यकर्मीलाई अत्यावश्यक सामग्री सहयोग गरेर समाजले उल्लेखनीय कार्य गरेको बताउनुभयो । सङ्कटको घडीमा राज्य एक्लैले सबैथोक गर्न नसक्ने हुँदा नागरिकस्तरबाट सहयोगको हातेमालो हुनुपर्ने उहाँको भनाइ थियो । अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र वि पोखरेलले सीमित स्रोत, साधनका बीच पनि बिरामीको सेवामा आफूहरू दिनरात नभनी खटिएको बताउनुभयो । अस्पतालले दक्ष जनशक्ति, स्वास्थ्य उपकरणसहित भौतिक संरचनाकोसमेत अभाव झेलिरहेको उहाँले उल्लेख गर्नुभयो । समाजका उपाध्यक्ष बेलुकाजी थापाले जिल्लाको तत्कालीन आवश्यकता हेरेर स्वास्थ्य सुरक्षाका सामग्री प्रदान गरिएको बताउनुभयो । उहाँका अनुसार महामारीको स्थिति हेरेर समाजले आउँदा दिनमा पनि सहयोगलाई निरन्तरता दिने भएको छ । आवश्यकता पर्दा बागलुङमा रहेको समाजको कार्यालयलाई आइसोलेशनकक्षका रूपमा प्रयोग गर्न सकिने निर्णयसमेत गरिएको उपाध्यक्ष थापाले बताउनुभयो ।

# निषेधाज्ञामा विकास निर्माण जारी

**– सन्तोष गौतम**
**म्याग्दी, २९ बैशाख**

नयाँ भेरियन्टसहित फैलिएको कोरोना भाइरसको दोस्रो लहरबाट नेपालका धेरै जिल्लामा निषेधाज्ञा भएको छ । शैक्षिक, यातायात तथा व्यापारिक क्षेत्र निषेधाज्ञाबाट पूर्ण प्रभावित भएका छन् ।

तीव्ररूपमा फैलिएको कोरोना रोकथामका लागि म्याग्दीमा आजदेखि जिल्लाभर निषेधाज्ञा जारी भएको छ । जिल्ला प्रशासन कार्यालयले एक विज्ञप्ति जारी गरेर बेनी नगरपालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिका क्षेत्रमा गरिएको निषेधाज्ञा वैशाख २८ गते राति १२ बजेदेखि लागू हुने गरी जिल्लाभर विस्तार गरिएको जनाएको छ । प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले मालिका, धवलागिरि र रघुगङ्गा गाउँपालिकाले मङ्गलबार गरेको सिफारिसका आधारमा जिल्लाभर निषेधाज्ञा लागू गरिएको बताउनुभयो । यसअघि बेनी नगरपालिका, मङ्गला र अन्नपूर्ण गाउँपालिकामा वैशाख २२ गतेदेखि निषेधाज्ञा भएको थियो । म्याग्दीको पूर्वाधार विकास आयोजनालाई कोरोना महामारी र निषेधाज्ञाको असर पर्न दिइएको छैन । निषेधाज्ञा भएका क्षेत्रमा पनि विकास आयोजना निर्माणको काम धमाधम भइरहेका छन् ।

सरोकारवालाको समन्वयमा विकास आयोजनालाई प्रभावित हुन नदिइएको जिल्ला समन्वय समिति, म्याग्दीका प्रमुख देवेन्द्र कटुवालले बताउनुभयो । “भौतिक दूरी र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर आयोजना निर्माणलाई निरन्तरता दिइएको छ”, उहाँले भन्नुभयो, “सडक, खानेपानी, भवन, सिँचाइ, जलविद्युत्, पदमार्ग, पुल, नदी नियन्त्रणलगायत पूर्वाधार आयोजना रोकिएका छैनन् ।”

गत वर्षको बन्दाबन्दीको समयमा म्याग्दीका धेरै विकास आयोजनाको काम रोकिएका थिए । रोकिएका आयोजना करिब सात महिनापछि मङ्सिरदेखि पुनःसञ्चालनमा आएका थिए । निर्माण सामग्री, उपकरणको व्यवस्थापन गरी सतर्कता अपनाएर विकास आयोजनाको कामलाई निरन्तरता दिइएको निर्माण व्यवसायी सङ्घ म्याग्दीका वरिष्ठ उपाध्यक्ष विपीन खड्काले बताउनुभयो । उहाँ प्रतिनिधि रहेको निर्माण कम्पनीमार्फत यसै हप्ता बेनीको कालीपुलमा सडक कालोपत्र गरिएको छ । म्याग्दीमा सङ्घ, प्रदेश र स्थानीय तहका करिब एकहजारकोहाराहारीमापूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयनको चरणमा छन् । जिल्ला बाहिरबाट आएका मजदुरका लागि आयोजनास्थलमै क्वारेन्टिनमा राखेर थोरै-थोरै जनाको समूह बनाएर काममा लगाइएको छ ।

भारतलगायत विदेश र जोखिमयुक्त ठाउँबाट आएका मजदुर तथा कर्मचारीलाई १० दिन एकान्तबास बस्नुपर्ने नियम बनाइएको छ । आयोजनामा कार्यरत मजदुर, कर्मचारीमा सङ्क्रमण देखिए सम्बद्ध व्यवसायीले आइसोलेशन र उपचारको व्यवस्था मिलाएका छन् । बेनी-जोमसोम सडक निषेधाज्ञाकै अवस्थामा कालोपत्र शुरु भएको छ । बेनी-अर्थुङ्गे सडक कालोपत्र गर्ने काम सकिएको छ । बागलुङ-बेनी, गलेश्वर-पिप्ले-भगवतीलगायतका सडक आयोजनाको कामलाई पनि निरन्तरता दिइएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित आयोजनामा कोरोना र निषेधाज्ञाको असर नपरेको कार्यालयका सडक इञ्जिनीयर राजेश अधिकारीले बताउनुभयो । उहाँले सडक र मोटरेबल पुल निर्माणको काम धमाधम भइरहेको बताउनुभयो । पूर्वाधार विकास कार्यालयमार्फत सञ्चालित बेनी-दरवाङ सडकको पहिलो प्याकेजको ठेकेदार लामा-समानान्तरले भने इन्धन अभावको कारण देखाएर काम रोकेको छ ।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको पोखरेबगर-घार-खिवाङ-शिख-चित्रे सडक आयोजनाका ठेकेदार जयमाता-मोतीदानले पनि काम गरेको छैन । बेनीबजार संरक्षण, राहुघाट जलविद्युत्, निलगिरि, घारखोला, मङ्गले राहुघाटलगायत जलविद्युत् आयोजना निर्माण धमाधम भइरहेका छन् । विकास आयोजना निर्माण जारी भएपछि ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका विपन्न वर्गलाई राहत मिलेको छ । पूँजी निर्माण, विकास बजेट परिचालन तथा योजना कार्यान्वयनमा सहयोग मिलेको छ ।

# उपनिर्वाचनका लागि मतदाता नामावली स्वीकृत

**रासस**
**काठमाडौं, २९ बैशाख**

निर्वाचन आयोगले आगामी जेठ १७ गते हुने लुम्बिनी प्रदेशको रिक्त राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली स्वीकृत गरेको छ । आयोगको आजको बैठकले उपनिर्वाचनका लागि प्रदेशसभा सदस्य ७९ तथा गाउँपालिकाका अध्यक्ष-उपाध्यक्ष र नगरपालिकाका प्रमुख-उपप्रमुख २१७ गरी जम्मा २९६ मतदाताको नामावली स्वीकृत गरेको हो ।

प्रदेशसभा सदस्य र स्थानीय तहका सदस्य गरी जम्मा ३०५ मतदाता रहेकामा विभिन्न कारणले प्रदेशसभा सदस्य आठ र स्थानीय तहका एक मतदाता रिक्त रहेको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बताउनुभयो । निर्वाचनका लागि दाङ जिल्ला, घोराही उपमहानगरपालिका वडा नं १५ स्थित कर्मचारी मिलन केन्द्रलाई मतदानस्थल तोकिएको छ । मतदानस्थलमा प्रदेशसभा सदस्यका लागि केन्द्र (क) र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखका लागि केन्द्र (ख) गरी दुई मतदान केन्द्रसमेत तोकिएको आयोगले जनाएको छ । यसैगरी आजै निर्वाचन अधिकृत, प्रदेश निर्वाचन अधिकारी र कम्प्युटर अपरेटरका लागि राष्ट्रियसभा सदस्य निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले अहिलेका विषम परिस्थितिमा स्वास्थ्यसम्बन्धी सुरक्षा मापदण्ड पूर्ण पालना गरेर मात्र निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधि सञ्चालन गर्न निर्देशन दिनुभयो ।

# दमौली अस्पतालले शुरु गर्‍यो कोभिड संक्रमितको उपचार

**पोखरापत्र संवाददाता**
**दमौली, २९ बैशाख**

दमौली अस्पतालले कोभिड सङ्क्रमितको उपचार शुरु गरेको छ । अस्पतालले मङ्गलबारदेखि कोभिड सङ्क्रमितलाई भर्ना गरेर उपचार शुरु गरेको हो ।

अस्पतालमा पाँच सङ्क्रमितको उपचार भइरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुनिल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार चार व्यास नगरपालिका र एक म्याग्देका सङ्क्रमितको उपचार शुरु गरिएको छ । सबै सङ्क्रमित निमोनियापीडित छन् । सङ्क्रमितलाई अक्सिजन दिइएको छ । “सबै सङ्क्रमितको फोक्सोमा निमोनिया देखिएको छ, उहाँहरूलाई अक्सिजन र अत्यावश्यक औषधि दिइएको छ”, डा पौडेलले भन्नुभयो । उहाँका अनुसार अस्पतालमा १६ सङ्क्रमितलाई उपचार गर्न सक्ने गरी व्यवस्था मिलाइएको छ । अहिलेको अवस्थामा उक्त शय्या आजै भरिनेजस्तो देखिएको डा पौडेलले बताउनुभयो।अस्पतालले जनरल वार्डलाई कोभिड कक्षमा रूपान्तरण गरेको थियो । उक्त ठाउँमा शय्या थप गर्ने प्रयास भइरहेको पनि अस्पतालले जनाएको छ । अस्पतालले सात आइसीयू र चारवटा भेन्टिलेटरसहितकोशय्यायसअघि नै तयार गरिसकेको छ ।

# जनप्रतिनिधि चढ्ने गाडी एम्बुलेन्समा रूपान्तरण

**पोखरापत्र संवाददाता**
**दमौली, २९ बैशाख**

तनहुँको बन्दीपुर गाउँपालिकाले पदाधिकारीले प्रयोग गर्दै आएको सवारीलाई एम्बुलेन्सका रूपमा प्रयोग गर्ने भएको छ। कोरोना सङ्क्रमित बढ्दै जाँदा समयमै एम्बुलेन्स पाउन नसक्ने भएपछि गाउँपालिकाले पदाधिकारी चढ्दै आएको सवारीलाई एम्बुलेन्स बनाएको हो ।

हाल गाउँपालिकामा एउटा मात्र एम्बुलेन्स रहेको र सर्वसाधारणको सहजताका लागि गाउँपालिकाको गाडीलाई एम्बुलेन्स बनाइएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । बन्दीपुरमा हाल एउटा जीर्ण अवस्थामा रहेको एम्बुलेन्स छ । “पुरानो भएकाले जुनसुकै बेला पनि धोका हुनसक्छ, त्यही भएर पूर्वतयारीस्वरूप हामीले नै चढ्दै आएको गाडीलाई एम्बुलेन्स बनायौँ”, थापाले भन्नुभयो ।

गाउँपालिकाले एम्बुलेन्स खरिदका लागि दुईपटक सूचना आह्वान गरेको थियो तर त्यो अवधिमा गाउँपालिकाले एम्बुलेन्स खरिद गर्न सकेन । “एम्बुलेन्स किन्न सूचना निकाल्यौँ, तर एम्बुलेन्स नै पाइएन”, उहाँले भन्नुभयो । कोरोना सङ्क्रमितको उपचारका लागि गाउँपालिकाले बन्दीपुर अस्पतालमा १५ शय्याको आइसोलेशनसमेत तयार पारिसकेको छ । आइसोलेशनमा हाल १० थान अक्सिजन सिलिण्डर मौज्दात छ भने प्रहरीले डुम्रेबाट सङ्कलन गरेको १० थान सिलिण्डर पनि प्राप्त भएको छ । “बन्दीपुर गाउँपालिका कोभिड सङ्क्रमितको उपचारका लागि तयारी अवस्थामा छ”, थापाले भन्नुभयो ।

# विदेशको जागिर छाडेर गाउँमा रमाउँदै अधिकारी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ बैशाख**

भानु नगरपालिका-१२ स्थित घलेछाप निवासी ५० वर्षीय राजेन्द्र अधिकारी बहराइनमा होटलको राम्रो जागिर छाडेर गाउँमै व्यावसायिक पशुपालनतर्फ लाग्नुभएको छ ।

गाउँमै बसेर केही गरौँ भन्ने भावनाका साथ विगत तीन वर्षदेखि बोर र स्थानीय जातका बाख्रा, मौरीपाल तथा लोकल कुखुरा पालन गरेर राम्रो आम्दानी गर्दै आउनुभएको छ ।

शुरुमा करिब रु १५ लाखबाट व्यवसाय थाल्नुभएका अधिकारीले अहिले करिब रु ७० लाख लगानी भइसकेको बताउनुभयो । हाल उहाँका खोरमा ११७ वटा बाख्रा छन् । मिर्लुङ्ग बहुउद्देश्यीय कृषिफार्म प्रालि दर्ता गरी किसान अधिकारीले भैँसीपालन तथा तरकारी खेतीसमेत गर्ने योजना बनाउनुभएको छ । बोर जातको उन्नत बोकाबाट स्थानीय जातको बाख्रामा क्रस गराएर ब्याडका रूपमा बोका उत्पादन गरी बिक्री गर्दै आएको उहाँ बताउनुहुन्छ ।

पाठो पाएपछि कम्तीमा तीन महिनापछि प्रतिकिलो रु ८०० मा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । ब्याड बोकाको माग राम्रो रहेकाले पुर्‍याउन धौधौ हुने गरेको छ । उहाँले भन्नुभयो, “बोर जातको बाख्रा मासुका लागि छिटो बढ्ने हुँदा यसतर्फ किसानको आर्कषण बढ्दै गएको पाइन्छ ।”

स्थानीय जातको बाख्राको तुलनामा बोर जातको बाख्राको मासु दोब्बरले उत्पादन वृद्धि हुने हुँदा किसानले छोटो अवधिमा राम्रो मूल्य पाउन सक्नेछन् । शुरुशुरुमा प्रतिकिलो रु एक हजार १०० सम्म बिक्री गर्ने गरिए पनि अहिले रु आठ/नौ सयमा बिक्री गर्दै आएको किसान अधिकारी बताउनुहुन्छ । तीन महिनाको पाठापाठी १५ किलोभन्दा माथिका हुन्छन् । दूध छुटेपछि पनि करिब २० दिन पालेपछि बिक्री गर्न लायकका हुन्छन् । शुरुमा बन्दीपु र, नुवाकोटबाट ब्याड बोका ल्याइए पनि अहिले आफैँले उत्पादन गरेको र रुकुम, स्याङ्जा, लमजुङ, चितवनलगायतका स्थानमा किसानले किनेर लैजाने गरेका छन् । बोर जातको बाख्रामा रोगसँग लड्न सक्ने क्षमता बढी हुने, पाल्न सजिलो हुने र छिटो वृद्धि हुने भएकाले किसानको यसतर्फ आर्कषण बढ्न थालेको हो ।

नेपालमा भन्दा बहराइनमा धेरै गुणा राम्रो आम्दानी रहे पनि स्वदेशमा बसेर स्वतन्त्र तरिकाले काम गर्ने चाहना भएकाले आफूले पशुपालन तथा कृषि पेशा अँगालेको उहाँले बताउनुभयो । आफ्नो र भाडामा गरी १२२ रोपनी क्षेत्रफलमा फार्म स्थापना गरिएको र करिब ३० रोपनी क्षेत्रफलमा विभिन्न जातका घाँस लगाइएको किसान अधिकारी बताउनुहुन्छ । फार्ममा अधिकारी परिवारसहित अन्य तीन कामदारले काम गर्दै आएका छन् ।

# कोरोना महामारी र खोपको विश्व राजनीति

– एकराज पाठक
काठमाडौं, २९ बैशाख (रासस)

कोभिड-१९ को जीवाणुले विश्वभरिका देशलाई डस्न थालेको ठ्याक्कै डेढ वर्ष भयो। सन् २०२० को डिसेम्बरमा चीनको वुहानबाट उत्पत्ति भएको भनिएको यो विषाक्त जीवाणुले आजसम्म आइपुग्दा विश्व विचरण गरिसकेको छ। यो आलेख तयार पार्दासम्म यसको असरबाट विश्वका कुनाकाप्चाका ३२ लाखभन्दा बढी नागरिकले ज्यान गुमाइसकेका छन् । त्यस्तै अहिलेसम्म यसबाट विश्वका १५ करोडभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

वर्षदिनपछि यो जीवाणुले नयाँ नयाँ स्वरुप लिएको छ र दोस्रो या तेस्रो लहरका रुपमा कतिपय देशमा प्रवेश गरिरहेको छ । जस्तो कि केही समयअघि मात्र कोरोनाको नयाँ प्रजाति (युके भेरिएन्ट) जन्मिएको प्रमाणित भएको छ। यो अघिल्लो वर्षकोभन्दा झन् बढी सङ्क्रामक र घातक देखिएको वैज्ञानिकहरुले बताएका छन्।

यसको प्रवेश दोस्रो लहरका रुपमा भारतमा भएको छ जसले अहिले भारतसहित एसियाका कतिपय देशमा निकै गाह्रो बनाएको छ। पछिल्लो समयमा यो सङ्क्रमण दोस्रो लहरका रुपमा सम्भवतः भारत हुँदै नेपाल पनि छिरेको छ। दोस्रो लहरका रुपमा आएको यो भाइरस अहिले नेपालमा पनि देशव्यापी रुपमा विस्तार भइरहेको देखिएको छ । कोभिड-१९ को खोपको आविश्वकार भएको केही महिनामै यसको वितरण बारेको चासो पनि विश्वव्यापी भएको छ । खोपको उपलब्धताप्रति विश्वका देशहरुका प्रयासहरु पनि बढ्दो छ । अनि नागरिकले एकापसमा सोध्ने गर्छन्-खोप लगाइयो ? मेरो पालो कहिले आउँछ ? कतिपय देशहरुले त आफ्ना सबै नागरिकलाई खोप लगाइसक्ने मिति नै सार्वजनिक गरिसकेका छन् भने केहीलाई यसको पहुँचमा नै अझै आशङ्का छ।

कोरोना जीवाणुको विश्वको अर्थराजनीतिसँगै यतिखेर खोपको राजनीति पनि भित्रिएको छ । जसरी चीनबाट कोभिड १९ को जीवाणुले युरोप हुँदै अमेरिका भ्रमण गर्दै थियो त्यतिबेला अमेरिकी नेतृत्वका कतिपय पश्चिमा देशहरुले महामारीको राजनीतिक भाषाको पनि प्रयोग गरेका थिए। यसकारण अमेरिका पुगेको यो जीवाणुको नियन्त्रणका लागि केही ढिला भइसकेको थियो र यसले अमेरिकी भूमिमा पनि आफ्नो रौद्र रुप सजिलै देखायो।

त्यस्तै भएको छ यतिखेर पनि । जसका कारण कोरोनाको खोपमा पनि राजनीति घुसेको छ। कतिपय विश्वका शक्ति र पहुँचवाला देशहरुले आफ्ना नागरिकलाई आवश्यक पर्नेजति खोपको जोहो गरिसकेका छन् र तिनको भण्डारण नै गरिएको सुनिएको छ। तर बाँकी विश्वले भने तिनै देशहरु र विश्व स्वास्थ्य संगठनको कोभ्याक्सको मुख हेरेरै बसिरहेको छ। यी देशले खोपको प्राप्ति र यसको उपलब्धताका बारेमा केही गर्न सक्ने अवस्थामा छैनन् । उनीहरु खोप अनुदानको पर्खाइमा छन्। यही मे ५ तारिखसम्म विश्वमा खोपको वितरण र यसको उपलब्धता १ अर्ब २३ करोड मात्रा भन्दा केही बढी मात्र देखिएको छ । यो सङ्ख्यामा मात्र विश्वका देशहरुमा खोप वितरण भएको बीबीसी समाचारले जनाएको छ । यो विश्वका देशहरुमा वितरण मात्र भएको तथ्याङ्क हो, तर मानिसले लगाएको तथ्याङ्क होइन । खोप लगाउने काम विश्वका प्रायः अधिकांश देशमा शुरु भइसकेको छ तर खोप लिने व्यक्तिको सङ्ख्या भने यतिधेरै छैन।

बीबीसीका अनुसार विश्वका विभिन्न देशमा वितरण गरिएको खोपको मात्रा अनुसार सबैभन्दा धेरै मात्रा चीनमा उपलब्ध छ । त्यहाँ करिब ३० करोड मात्रा खोप उपलब्ध भएको बताइएको छ। चीन विश्वकै सबैभन्दा बढी खोप उपलब्ध भएको देश त हो तर यहाँको जनसङ्ख्याको तुलनामा भने धेरै होइन। विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश चीनलाई हेर्दा यहाँ उपलब्ध खोप जनसङ्ख्याको २० प्रतिशत मात्र हुन आउँछ।

त्यसो त चीन आफैले पनि खोप उत्पादन गरिरहेको छ तर उसले आफैले मात्र प्रयोग भने गरेको छैन। अफ्रिका, एसियाका विभिन्न देशमा चिनियाँ खोप वितरण भइरहेको छ। कतिपय विकासोन्मुख देशलाई चीनले अनुदानमै उपलब्ध गराएको छ भने कतिपय देशमा बिक्री थालेको छ। त्यसपछिको देश अमेरिकामा यो खोप करिब २६ करोड मात्रा वितरण भएको देखिएको छ । हुनत यो खोपको मात्रा चीनको भन्दा थोरै हो, तर जनसङ्ख्यामा हेर्दा यो मात्राले यहाँको ७५ प्रतिशत जनसङ्ख्यालाई पुग्छ । त्यस्तै भारतमा उपलब्ध खोपको मात्रा १६ करोड मात्र छ । विश्वको दोस्रो ठूलो जनसङ्ख्या भएको देश भारतीय नागरिकमा भने यो खोपको उपलब्धता जम्मा करिब १२ प्रतिशत हुन आउँछ । त्यसो त भारतमा खोप उत्पादन पनि भइरहेको छ तर उसले आफैलाई आवश्यक पर्ने खोप पनि उत्पादन गर्न तथा खोप लगाइदिन पनि सकिरहेको छैन । एकातिर जनसङ्ख्या ठूलो छ अर्कातर्फ भारतमा पछिल्लो समयमा महामारीको बृद्धि तीव्र रुपमा भइरहेको छ। खोपको मात्रालाई जनसङ्ख्यासँग तुलना गरेर हेर्दा विश्वमा सबैभन्दा बढी उपलब्ध बेलायतमा छ। त्यहाँ ५ करोड भन्दा बढी खोप उपलब्ध छ र यहाँको जनसङ्ख्याका हिसाबले ७६ प्रतिशत भन्दा बढी नागरिकलाई लगाउन सहज हुनेछ। यसरी कतिपय पश्चिमा देशहरुले, विशेषगरी युरोपेली देशमा आफूलाई पुग्नेगरी खोपका मात्राहरु भण्डारण गरिराखेका भन्ने गरिएको छ। बेलायतको यो मात्रा हेर्दा त्यसमा विमती राख्नुपर्ने अवस्था छैन। त्यसो त कोरोना भाइरसको नयाँ प्रजातिले बेलायतलाई नै पछिल्लो समयमा असर पारेकोले पनि खोपको उत्पादनमा बेलायतले ध्यान दिएको पनि हुनसक्छ।

त्यसपछि बढी खोप ब्राजिल र जर्मनीमा उपलब्ध छ। ब्राजिलमा ४ करोड ६५ लाख मात्र खोप उपलब्ध रहेको छ भने जर्मनीमा ३ करोड ६५ लाखभन्दा बढी खोप उपलब्ध छ। यसरी जनसङ्ख्याका हिसाबले हेर्दा ब्राजिलमा उपलब्ध खोपले त्यहाँका करिब ३० प्रतिशत नागरिकलाई पुग्छ भने जर्मनीमा ४० प्रतिशतलाई पुग्न सक्नेछ। खोपको आविस्कारले महामारीको अँध्यारोको वर्षदिनमा केही आशाको सञ्चार भएको छ । जनस्वास्थ्यका मापदण्ड अपनाउनु बाहेकको अर्को विकल्प नरहेको अवस्थामा खोप आएकोले नागरिकमा केही आशाको सञ्चार गराउनु स्वभाविकै हो।

तर खोप अझै पर्याप्त नभएको अवस्था एकातर्फ छ भने अर्कातर्फ महामारी निवारणको काम खोपले गर्नसक्ने विश्वासिलो आधार छैन । हाल विश्वका कैयौँ देशमा खोप पुगिसकेको छ तर यसले के प्रतिशतसम्म काम गर्छ भन्ने बारेमा भने फरक फरक तथ्याङ्क भेटिन्छन्। खोपको आविस्कार वैज्ञानिकहरुको बडो संघर्षपूर्ण प्रयासको एउटा परिणाम हो र यसले यो महामारीको औषधी पनि छ भन्ने सन्देश भने दिन सफल भएको छ। विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस अधनाम गेब्रियसले हाल देखा परिरहेको विश्वका देशहरु र कोभिड-१९ को खोपका सम्झौताहरुले अहिले तेस्रो विश्वका कतिपय गरिब देशहरुलाई समस्या पर्ने त होइन भन्ने चुनौती बढेको बताउनुभयो। उहाँले भन्नुभयो "हाल संसारका देशहरु र कोभिडको खोप निर्माताका बीचमा जारी रहेका सम्झौताहरुले यस्तो अवस्थाको सिर्जना भएको छ कि यसले गरिब देशहरुमा खोप उपलब्ध नहुन सक्ने त्रास बढाएको छ। तर खोप अहिलेको संसारका लागि मानिसको जीवन बचाउन सकिने एक आधारभूत आवश्यकता र मानवअधिकार पनि हो, त्यसैले यो खोप सबैका लागि उपलब्ध हुनु आवश्यक छ।

हाल संसारका कैयौँ देशमा कोभिडको खोप पुगेको छ, मात्रामा भने थोरै धेरै हुनसक्छ । तीमध्ये धेरै त विश्वका सम्पन्न देशहरु नै पर्दछन्। अनि अर्को महत्वपूर्ण कुरा त के छ भने संसारमा पुगेको कोभिडको खोपमध्ये कम्तीमा पनि ७५ प्रतिशत खोप सम्पन्न देशहरुमा मात्र पुगेको छ । यो अवस्थाले विश्वका गरिब देशहरुको हालत भोलि के होला ? उनीहरुले आवश्यक र पर्याप्त मात्रामा खोप प्राप्त गर्न सक्लान कि नसक्लान ? भन्ने चिन्ता बढाएको छ। महानिर्देशक गेब्रियसले खासमा कोभ्याक्ससँग गरिब देशका लागि भनेर गरिएका कतिपय सहयोग र सम्झौताहरुको नजिकमै विश्वका यी देशहरुले आफूखुशी गरिरहेका सम्झौताले समस्या उत्पन्न गर्ला कि भन्ने लागेको चिन्ता व्यक्त गर्नुभयो।

उहाँको भनाई छ "म कुनै देश या खोप निर्माता कम्पनीलाई भन्न चाहन्न, मलाई लाग्छ यो कुनै एक देशको मात्र प्रयासले हुने होइन, यो विश्वव्यापी पहलको परिणामले मात्र हुन्छ । जसरी विश्वका देश महामारीबाट प्रताडित भएको अवस्था थियो आज सबैले अरु देश या गरिब देशहरुलाई पनि आफूलाई जस्तै अप्ठेरो परेको होला भनेर सोचिदिनुपर्छ ।" विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले चिनियाँ कम्पनी सिनोफार्मले बनाएको कोरोना खोपलाई हालैमात्र आपतकालीन प्रयोगमा ल्याउन अनुमति दिएको छ। डब्ल्यूएचओले अनुमति दिएको गैरपश्चिमी देशको यो पहिलो खोप हो। यसअघि डब्ल्यूएचओले फाइजर, एस्ट्राजेनेका, जोन्सन एण्ड जोन्सन र मोडर्ना खोपलाई अनुमति दिएको थियो । सिनोफार्मको खोप चीनले यसअघि नै विश्वका धेरै नागरिकलाई उपलब्ध गराइसकेको छ । अफ्रिका, ल्याटिन अमेरिका र एशियाका धेरै देशहरुले चिनियाँ सिनोफार्मको खोपलाई आपतकालीन प्रयोगका लागि अनुमति दिएका छन् । तर पनि डब्ल्यूएचओले भने शुक्रबार मात्र यो खोपलाई अनुमति दिँदै यसको दुई डोज दिनुपर्ने र यो १८ वर्षभन्दा माथिका व्यक्तिहरुले मात्र प्रयोग गर्नुपर्ने जनाएको छ।

यसका साथै विश्व स्वास्थ्य संगठनले अर्को एक चिनियाँ कम्पनी सिनोभ्याक्स र रुसी खोप स्पुतनिक-भी को मूल्याङ्कन पनि गरिरहेकोले ती खोपको स्वीकृतिका बारेमा पनि केही समयमै निर्णय गर्ने जनाइएको छ । करिब एक दर्जन खोपहरु विश्व स्वास्थ्य संगठनको अनुमतिले स्वीकृत भएका छन्। ती खोपहरु बेलायत, अमेरिका, चीन, रुसले निर्माण गरेका छन् । खोप उत्पादनका प्राविधिक कठिनाईहरु त छँदैछन् । त्यस बाहेक पनि खोप राष्ट्रियता, विश्व राजनीति, खोप उत्पादनमा विश्वका शक्ति राष्ट्रहरुबीचको प्रतिस्पर्धा तथा नयाँ स्वरुपका भाइरसको आगमन जस्ता कारणहरुले यो कार्यलाई अझ बढी जटिल बनाइदिएको छ।

# क्विक रेस्पोन्स टिम गठन

पोखरापत्र संवाददाता
दमौली, २९ बैशाख

तनहुँ जिल्लामा कोरोना सङ्क्रमितको उपचारमा समन्वय गर्न क्विक रेस्पोन्स टिम गठन गरिएको छ। जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकले सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको संयोजकत्वमा चार सदस्यीय टिम गठन गरेको हो।

टिमको सदस्यमा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिना, दमौली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा पौडेल र स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारी रहनुभएको छ । आइतबार भानु नगरपालिकाका एक वृद्धले समयमै उपचार नपाएर दमौली अस्पतालबाहिर एम्बुलेन्समै ज्यान गुमाउनुपरेपछि अस्पताल र प्रशासनको आलोचना हुँदै आएको छ । बैठकले दमौलीमा रहेको कृषि विकास बैंकको पुरानो भवनमा होमआइसोलेशनमा बस्न स्थान नभएका विपन्न व्यक्तिका लागि स्वास्थ्यकर्मी र अक्सिजनको सुविधासहित व्यास नगरपालिकाले सामूहिक आइसोलेशन सेन्टर सञ्चालन एवं व्यवस्थापन गर्ने निर्णय गरेको छ । बैठकले प्रत्येक स्वास्थ्य संस्थामा पर्याप्त स्वास्थ्य सामग्री र औषधिको प्रबन्ध गर्ने, प्रत्येक स्थानीय तहले सङ्क्रमितको मृत्यु भएको खण्डमा शव व्यवस्थापन गर्न आवश्यक पर्ने सवारी साधन, शववाहन, पिपिइलगायतका सामग्री व्यवस्थापन गर्ने निर्णयसमेत गरेको छ।

होम आइसोलेशनमा र स्वास्थ्य संस्थामा रहेका सङ्क्रमितसँग स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखलाई निरन्तर सम्पर्कमा राख्ने, सङ्क्रमितलाई थप उपचारका लागि अस्पतालसम्म लैजान पर्दा सम्बन्धित अस्पतालका प्रमुखसँग समन्वय गर्ने, सबै स्थानीय तहमा रहने स्वास्थ्य संस्थाका आइसोलेशनमा बिरामीको अवस्था र दिनुपर्ने सेवाका आधारमा सङ्क्रमितको उपचार प्रबन्ध मिलाउने, सङ्क्रमितलाई उपचारका लागि पोखरा र अन्य अस्पतालमापठाउनुपर्दाअस्पतालका विशेषज्ञ चिकित्सकले पठाउनुपर्ने अस्पतालसँग समन्वय गर्ने निर्णय भएको छ। त्यसैगरी स्थानीय तहमा स्वास्थ्य शाखा प्रमुख रहने गरी गठन भएको अनुगमन समितिले होमआइसोलेशन र क्वारेन्टिनको अनुगमनमा जिम्मेवार बनाउने निर्णयसमेत भएको प्रशासनले जनाएको छ।

# भारतमा संक्रमणबाट मृत्यु हुनेको संख्या २ लाख ५० हजार नाघ्यो

रासस
काठमाडौं, २९ बैशाख

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) बाट भारतमा ज्यान गुमाउनेको संख्या दुई लाख ५० हजार नाघेको छ।

केही दिनदेखि कोभिड संक्रमित व्यक्तिको संख्यामा लगातार कमी आए पनि मृत्यु भएका व्यक्तिको दैनिक संख्यामा खासै कमी आएको छैन । कोभिड-१९ बाट प्रभावित धेरै राज्य र शहरमा निषेधाज्ञा, लकडाउन र प्रतिबन्धहरु घोषणा गरिएसँगै संक्रमितको संख्या घट्न थालेको अनुमान गरिए पनि देशका सबैजसो भागका स्वास्थ्य संस्थाले गम्भीर सङ्कटको सामना गर्नु परिरहेको छ।

भारतीय सञ्चार माध्यमहरुले देशका विभिन्न भागमा मानिसहरु अक्सिजन, औषधि, बेड र अस्पतालमा भर्ना हुन नपाएर बाटामै मानिसको मृत्यु भएका दर्दनाक तस्वीर र भिडियो प्रकाशन प्रशारण गरिरहेका छन् । भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले विगत २४ घण्टामा तीन लाख ४८ हजार जना नयाँ संक्रमित थपिएको जनाएको छ । यो सहित भारतमा हालसम्म कूल संक्रमितको संख्या दुई करोड ३३ लाख ४० हजार पुगेको छ।

यसैबीच, कोभिड-१९ को महामारीका कारण २४ घण्टामा थप ४ हजार २०५ जनाको मृत्यु भएको छ । यो सहित भारतमा कोरोनाभाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या दुई लाख ५४ हजार १९७ जना पुगेको मन्त्रालयले जनाएको छ। भारतमा हाल ३७ लाख ४ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा रहेका छन् जुन अघिल्लो दिनभन्दा करिब ११ हजारले कमी हो।

हालसम्म एक करोड ९३ लाख ८२ हजार व्यक्ति कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन् । कोरोनाभाइरसको दोस्रो लहरका कारण ठूलो मानवीय क्षति भइरहे पनि सरकारले देशव्यापी लकडाउन नगरिने स्पष्ट गरेको छ। कतिपय राज्यले राति कर्फ्यु लगाएका छन् भने केहीमा आंशिक लकडाउन गरेका छन् । कोरोनाभाइरसको संक्रमणबाट निकै प्रभावित राजधानी नयाँ दिल्लीमा आगामी मे १७ सम्म लकडाउन घोषणा गरिएको छ। मन्त्रालयका अनुसार गत जनवरीबाट शुरु भएको खोप अभियान मार्फत् हालसम्म १७ करोड ५० लाख व्यक्ति लाभान्वित भएका छन्। गत मे १ तारिखबाट शुरु भएको तेस्रो चरणको खोप अभियानमा १८ वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिलाई खोप दिन थालिएको छ।

यसैबीच, भारतीय स्वास्थ्य अनुसन्धान परिषदले देशभर कोभिडको हालसम्म ३० करोड ७५ लाख नमुना परीक्षण गरिएको जनाएको छ।

विश्व स्वास्थ्य संगठन र जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कोरोनाभाइरसको महामारीका कारण विश्वभर ३३ लाख ३१ हजार व्यक्तिको मृत्यु भएको छ। कूल १६ करोड ४ लाख व्यक्ति कोरोना संक्रमित भएकामा करिब १३ करोड ८१ लाख व्यक्ति संक्रमणमुक्त भएका छन्।

साथै, करिब एक लाख व्यक्ति विश्वभर गम्भीर स्वास्थ्य समस्याबाट पीडित रहेका छन् । कोरोनाभाइरस संक्रमणबाट सर्वाधिक असर परेको संयुक्तराज्य अमेरिकामा हालसम्म ५ लाख ९६ हजार ९४६ जनाको मृत्यु भएको छ। त्यसपछिका निकै असर परेका मुलुकहरुमध्ये ब्राजिलमा ४ लाख २५ हजार, भारतमा २ लाख ५४ हजार, मेक्सिकोमा २ लाख १९ हजार, बेलायतमा १ लाख २७ हजार, इटालीमा १ लाख २३ हजार, रसियामा १ लाख १३ हजार र फ्रान्समा १ लाख ६ हजार व्यक्तिको मृत्यु भएको छ।

युरोप र उत्तर अमेरिकामा कोभिड-१९ विरुद्धको खोप अभियान तिब्र पारिएसँगै कोरोनाभाइरसको संक्रमण र मृत्युदर दुबैमा कमी आएको छ।

# भवन नबन्दा शैया थन्किए

– रामबहादुर थापा
बागलुङ, २९ बैशाख

कोरोनाका बिरामीले शय्या पाउनै मुस्किल भइरहेका बेला धवलागिरि अस्पताललाई प्राप्त नयाँ शय्या प्रयोगमा नआई थन्किएका छन्। अस्पतालमा ठाउँ नै नभएपछि शय्या जडान हुन नसकेको हो।

धवलागिरिलाई जनरल अस्पतालमा स्तरोन्नति गर्ने निर्णय गरेको गण्डकी प्रदेश सरकारले सय शय्या पठाएको छ । अस्पताल भवन नबन्दा शय्या व्यवस्थापन गर्न नसकिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केवी रानामगरले बताउनुभयो।

विसं २०७० देखि निर्माण थालिएको अस्पतालको 'सी' ब्लक भवन अझै पूरा हुन सकेको छैन। "सरकारले शय्या त पठायो तर के गर्नु भवन नै बनेको छैन, यस्तो महामारीका बेला पनि शय्या स्टोरमा थन्काएर राख्नु परेको छ", अध्यक्ष रानामगरले दुःखेसो व्यक्त गर्नुभयो।

उहाँका अनुसार निर्माण कम्पनीले आगामी असार १५ गतेको म्यादभित्र भवन हस्तान्तरण गर्ने बताए पनि अहिले कामको गति सुस्त छ। रु १० करोड छ लाख ६६ हजारमा आशिष मिलिनियम र भीम ज्योति जेभीले 'सी' ब्लक निर्माणको जिम्मा लिएको थियो।

तोकिएको समयावधिमा भवन नबन्नुमा निर्माण कम्पनीले भूकम्प, नाकाबन्दी, बन्दाबन्दी आदिलाई कारण देखाउँदै आएको अस्पतालले जनाएको छ। तीन वर्षभित्रै निर्माण सम्पन्न गर्ने भनिए पनि पटक-पटक म्याद थप हुँदै आएको छ । "अहिले निर्माण कम्पनीका प्रतिनिधि पनि यहाँ छैनन्, सम्पर्क पनि हुँदैन, दुई/चारजना कामदार भवनमा खटेको देखिन्छ", अध्यक्ष रानामगरले भन्नुभयो, "यही तरिका हो भने चाँडै भवन बन्ने छाँटकाँट छैन।"

राज्यका निकायले पनि शय्यालगायत स्वास्थ्य उपकरण, सामग्री पठाए पनि तिनको सञ्चालन र व्यवस्थापनमा चासो नदिएको उहाँको गुनासो छ । अस्पताल व्यवस्थापनले कोरोना महामारीको स्थितिलाई हेरेर तत्काललाई अस्पतालको छतमा 'ट्रस्ट' बनाउने योजना अघि सारेको छ । आइसोलेशनकक्ष विस्तार गर्ने उक्त योजनाका लागि प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसँग बजेट माग गरिएको छ। 'ट्रस्ट'को संरचना बनेपछि सोही ठाउँमा नयाँ शय्या व्यवस्थापन गरेर कोरोना सङ्क्रमितको उपचार र स्याहार थालिनेछ। दैनिक रूपमा जटिल समस्या लिएर अस्पताल आउने कोरोनाका बिरामी बढ्न थालेपछि शय्या अभाव हुन थालेको छ।

अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरेलले बिरामीको चाप बढेपछि २५ शय्याको आइसोलेशनकक्षलाई ३५ शय्यामा पुऱ्याइएको छ। आइसोलेशनकक्ष कोरोना सङ्क्रमितले भरिएको छ। यसरी नै जटिल प्रकारका बिरामी थपिँदै गए अस्पतालमा शय्या नै नपाउने स्थिति आउने प्रमुख चिकित्सक पोखरेलको भनाइ छ। "आइसोलेशनमा शय्या थप्न संरचनाकै अभाव छ, हामीसँग भएको स्रोत, साधनको अधिकतम उपयोग गरेर बिरामीको सेवामा दिनरात नभनी खटिएका छौँ", उहाँले भन्नुभयो।

प्रदेश सरकाले दुई सय शय्याको जनरल अस्पताल बनाउने घोषणा गरे पनि त्यस अनुरुप पूर्वाधार तयारी र व्यवस्थापन हुन सकेको छैन । महामारीका बेला चिकित्सकीय सेवा पनि न्यून जनशक्तिका भरमा छ। दुई विशेषज्ञ चिकित्सक, चार मेडिकल अधिकृत र दश नर्स बिरामीको उपचारमा तल्लीन छन् । महामारीसँग जुध्न तत्कालै जनशक्ति, उपकरण र पूर्वाधार थप्नुपर्ने आवश्यकता छ।

कोरोनाका गम्भीर बिरामी बढ्दै जान थालेपछि अस्पतालको अक्सिजन प्लान्टले धान्न नसक्ने स्थिति छ । दैनिक पोखराबाट सिलिन्डरमा अक्सिजन भरेर ल्याउनु परिरहेको अस्पतालले जनाएको छ । सङ्क्रमितलाई 'हाइ फ्लो' अक्सिजन दिएर उपचार गर्नुपर्ने भएकाले अक्सिजनको खपत बढेको हो।

अस्पतालमा तीन शय्याको सघन उपचार कक्ष (आइसियु) र दुई भेन्टिलेटरसहितका शय्या छन् । गम्भीर प्रकृतिका बिरामी बढ्दै जाँदा 'आइसियु'को पनि अभाव हुने देखिएको प्रमुख चिकित्सक पोखरेलले बताउनुभयो । अहिले 'आइसियू'मा तीन र आइसोलेशनकक्षमा २७ सङ्क्रमितको उपचार भइरहेको छ। जिल्लामा दैनिक कोरोना पुष्टि हुनेको सङ्ख्या बढिरहेको छ । मङ्गलबार मात्र १०६ सङ्क्रमित थपिएका थिए। गाउँगाउँसम्म सङ्क्रमण फैलिएको छ । महामारी बढ्दै जाँदा बिरामीको उपचार र व्यवस्थापनमा चुनौती थपिएको छ।

# चीनको सहयोगमा प्राप्त हुने स्वास्थ्य सामग्री ल्याइँदै

रासस
काठमाडौं, २९ बैशाख

चीनको स्वशासित क्षेत्र तिब्बतले सहायता स्वरूप प्रदान गरेको १५० लिक्वीड अक्सिजन कन्टेनरसहितका स्वास्थ्य सामग्री चाँडै तातोपानी नाकामा हस्तान्तरण हुने भएको छ।

सामान नेपाल ल्याउने स्वीकृतिका विषयमा स्थानीय चिनियाँ दूतावासलाई जानकारी गराइएको र चिनियाँ पक्षले यथासक्य चाँडो हस्तान्तरण गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ। चीन सरकारले उपलव्ध गराउने ५ मिलियन युआन अनुदान सहायता अन्तरगत ३५०० अक्सिजन सिलिण्डर र १० भेण्टिलेटर मध्ये उक्त सङ्ख्याम अक्सिजन सिलिण्डर र १० भेण्टिलेटर मध्ये दोस्रो लटको एक हजार छ सय अक्सिजन सिलिण्डर नेपाल ल्याउन नेपाल वायुसेवा निगमको चार्टर्ड उडान बारेमा सम्बन्धित निकायसँग समन्वय भइरहेको प्रधाानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । चीन सरकारले कोभिड सहायता अन्तरगत नेपाललाई उपलव्ध गराउने थप ५ मिलियन युआन बरावरको सहयोग एअर बेस्ड अक्सिजन जेनेरेटर युनिट्स उपलव्ध गराइदिन अनुरोध गर्दै नेपाली राजदूतावास वेइजिङ मार्फत अनुरोध गरिएको छ।